# लोक सेवा आयोग
## जुम्ला कार्यालय

खलङ्गा, जुम्ला

**रा.प.अनं. द्वितीय श्रेणी, (प्राविधिक), खरिदार वा सो सरह पदको परीक्षा केन्द्र कायम गरिएको सूचना**

**सूचना नं ०६/०७९-८०, मिति २०७९/०५/१०**

लोक सेवा आयोग, जुम्ला कार्यालय, जुम्लाको देहाय वि.नं., सेवा, समूह, उपसमूह र पदको **जुम्ला/डोल्पा परीक्षा केन्द्र** राखी अनलाईन मार्फत् दरखास्त फाराम भरी स्वीकृत भएका सम्पूर्ण उम्मेदवारहरुको लोक सेवा आयोगको मिति २०७८/०३/१४ गतेको निर्णयवाट नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षा सम्बन्धि मापदण्ड र आयोगवाट स्वीकृत संक्रमणको विशेष अवस्थामा परीक्षा (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ (तेश्रो संशोधन) को पालना गर्ने गराउने गरी प्रतियोगितात्मक लिखित परीक्षा आयोगको पूर्व निर्धारित परीक्षा कार्यक्रम अनुसार निम्न मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**परीक्षा कार्यक्रम:**

| क्र.सं. | विज्ञापन नं. | उम्मेदवारको रोल नं. | | परीक्षार्थी संख्या | पद,सेवा,समूह, उपसमूह,श्रेणी | परीक्षा मिति, समय र अवधि | | परीक्षा केन्द्र |
|---|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | | | प्रथम पत्र | द्वितीय पत्र | |
| १. | १५४०४-१५४०५/०७८-७९ (आ.प्र. तथा खुला) | ७३०००१ | ७३००७८ | ७८ जना | स.क.अ.,विविध, रा.प.अनं. द्वितीय (प्रा.) | २०७९/५/२३ दिनको २:०० बजे (४५ मिनेट) | २०७९/५/२३ दिनको ३:१५ बजे (२ घण्टा १५ मिनेट) | लोक सेवा आयोग, जुम्ला कार्यालय जुम्लाको परीक्षाहल |
| २. | | ७२०००१ | ७२०००७ | ७ जना | | | | सरस्वती मा.वि.,दुनै, डोल्पा |

द्रष्टव्य :-(परीक्षार्थीहरुले अनिवार्य पालना गर्नु पर्ने विषयहरु)

१. प्रवेशपत्र बिना परीक्षामा सम्मिलित गराईने छैन । प्रवेशपत्रको प्रतिलिपि आवश्यक पर्ने उम्मेदवारले एक दिन अगाडि नै आयोगको जुम्ला कार्यालयबाट अनिवार्य लिइसक्नु पर्नेछ । परीक्षा शुरु हुनुभन्दा १ (एक) घण्टा अगावै परीक्षा केन्द्रमा आईपुग्नु पर्नेछ ।
२. परीक्षा दिन आउँदा नेपाली नागरिकताको सक्कल प्रमाण-पत्र वा नेपाल सरकारद्वारा जारी गरिएको फोटो सहितको कुनै परिचय-पत्र विना परीक्षामा सम्मिलित गराइने छैन ।
३. परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशन पूर्णरुपमा पालना गर्नु पर्नेछ ।
४. परीक्षा भवनमा झोला, मोवाईल फोन तथा अन्य इलेक्ट्रोनिक डिभाइसहरु लैजान निषेध गरिएको छ ।
५. परीक्षामा कालो मसी भएको कलम/डट्पेन मात्र प्रयोग गर्नु पर्नेछ ।
६. उम्मेदवारले अनिवार्य रुपमा मास्क लगाई परीक्षा केन्द्रमा प्रवेश गर्नु पर्नेछ । साथै आफ्नो प्रयोजनको लागि स्यानिटाइजर तथा खानेपानी स्वयंले लिई आउनु पर्नेछ ।
७. परीक्षा केन्द्रमा प्रवेश गर्दा, शौचालय प्रयोग गर्दा र परीक्षा केन्द्रबाट बाहिर निस्कँदा एक आपसमा भौतिक दुरी कायम गर्नु पर्नेछ ।
८. परीक्षार्थीहरुले समूहमा भेला हुने जस्ता कार्यहरु गर्न निषेध गरिएको छ ।
९. सवै उम्मेदवारहरुले आफ्नो स्वास्थ्य अवस्थाको वारेमा आयोगको Web Site मा गई विद्युतीय माध्यमवाट कोभिड सम्बन्धी स्वयम् घोषणा फारम अनिवार्य रुपमा भर्नु पर्नेछ ।
१०. **कोभिड-१९** बाट संक्रमित बिरामीको लागि लोक सेवा आयोग, जुम्ला कार्यालयमा विशेष परीक्षा केन्द्र व्यवस्था गरिएकोले सम्वन्धित उम्मेदवारले यस कार्यालयको फोन नं. ०८७-५२०००८ वा ईमेल ठेगाना jumla@psc.gov.np,psckarnali@gmail.com मा सम्पर्क गर्नुहुन जानकारी गराईन्छ ।

.........................
(दुर्गाप्रसाद वाग्ले)
नायब सुब्बा

.........................
(लोकप्रसाद रेग्मी)
शाखा अधिकृत

.........................
(राजन राई)
उपसचिव